अङ्क १७
जेठ २०७३

# शोध–संक्षेप (Research Brief)

# वि.सं. १९९० को भूकम्पपछिको राहत वितरण, पुनर्निर्माण र व्यवस्थापन

## परिचय

यस शोध-संक्षेपमा १९९० माघ २ गते गएको भूकम्पसित सम्बन्धित केही अप्रकाशित हस्तलिखित सामग्री प्रस्तुत गरिएका छन्। उक्त भूकम्पलाई 'नब्बे सालको भूकम्प,' 'भारतीय भूकम्प,' 'बिहार-नेपाल भूकम्प' वा 'नेपाल-बिहार भूकम्प' पनि भनिएको पाइन्छ। अहिलेको जेठो पुस्ताको निम्ति जीवनमा कहिल्यै बिर्सन नसकिने पहिलो प्राकृतिक विपद्को रूपमा उक्त भूकम्प देखापर्छ।[१] यस संक्षेपमा समेटिएका कागतपत्रले उक्त भूकम्पपछिको राहत वितरण, पुनर्निर्माण र व्यवस्थापनसम्बन्धी हाम्रो ज्ञानको दायरा अझ फराकिलो बनाउनेछ। नेपालको विपद् व्यवस्थापन रणनीति आफ्नै राजनीतिक संस्कार र अर्थ-सामाजिक क्षमता अनुकूल हुनुपर्छ र तिनलाई हामीले आफ्नो ऐतिहासिक अनुभवका आधारमा पहिल्याउनु पर्छ भन्ने तर्क यस संक्षेपमा गरिएको छ।

नब्बे सालको भूकम्पबारे *नेपालको महाभूकम्प* नामक पुस्तकले धेरै जानकारी दिन्छ (राणा १९९१क)। भूकम्पलगत्तै सरकारी स्तरबाट विभिन्न खाले विवरण सङ्कलन गरिएको थियो। *नेपालको महाभूकम्प* तिनै विवरणका आधारमा तयार गरिएको महत्त्वपूर्ण सामग्री हो। यसका विभिन्न संस्करण उपलब्ध छन् (राणा १९९१ख, २०४१; ब्रह्मशमशेर २०७२) र हालसालै यसको अंग्रेजी अनुवाद पनि बजारमा आएको छ (Rana 2013)।[२] २०७२ वैशाखको भूकम्पपछि यो पुस्तकको माग बढेको देखिन्छ। नेपालको इतिहासमा उल्लिखित अरू भूकम्पका सम्बन्धमा पनि मानिसहरूमा रुचि जागेको देखिन्छ।[३] भूकम्पको अनुभव

[१] वि.सं. १९९० को भूकम्पलाई नेपाली पुस्तकमा प्रायः 'नब्बे सालको भूकम्प,' अथवा 'महाभूकम्प' भनिएको छ। हल्लाको मनोविज्ञानसँग सम्बन्धित एउटा अध्ययनमा यसलाई 'इण्डियन भूकम्प' भनिएको छ (Prasad 1935)। एउटा लोकप्रिय इन्टरनेट विश्वकोष विकिपेडियामा यसलाई 'नेपाल-बिहार भूकम्प' भनिएको छ (https://en.wikipedia.org/wiki/1934_Nepal%E2%80%93Bihar_earthquake)। हालै प्रकाशित एउटा कार्यपत्रमा यसलाई 'बिहार-नेपाल भूकम्प' भनिएको छ (Sapkota, Bollinger and Perrier 2016)। जीवनी र आत्मकथामा नब्बे सालको भूकम्पको महत्त्वपूर्ण उपस्थितिको उदाहरणका लागि Raj (2010) र मानन्धर (२०६८) हेर्नुहोस्।

[२] १९९० को भूकम्पबारे भएका केही अन्य तात्कालिक अध्ययन Nasu 1935 र Prasad 1935 हुन्।

[३] भूकम्प-विमर्श अप्रचलितै रहेका बखत् सन् २००० ताका महेशराज पन्तको अंग्रेजी भाषामा प्रकाशित लेख उल्लेखनीय मान्नुपर्ने हुन्छ (Pant 2000)। यो लेख उल्लेख गरेर नेपालमा भूकम्पको नालीबेली खोतल्ने कृति कम छन् (Parajuli 2015), उल्लेखै नगरेर त्यसो गर्ने कृति धेरै। २०७२ सालको भूकम्पपछि पन्तले फेरि नब्बे साल तथा अरू बेला गएका भूकम्पबारे नेपाली मिडियामा थुप्रै लेख लेखेका छन् (पन्त २०७२क, २०७२ख र २०७२ग)।

मार्टिन चौतारी
२७ जीतजङ्ग मार्ग, थापाथली
पो.ब.नं. १३४७०
काठमाडौँ, नेपाल
फोन ०१–४२३८०५०
फ्याक्स ०१–४२४००५९
chautari@mos.com.np
www.martinchautari.org.np

र प्रभावले प्रेरित भएर साहित्य, ललितकला र सिनेमामा मात्र होइन, अन्तर्राष्ट्रिय र राष्ट्रिय गैर-सरकारी संस्थाद्वारा प्रकाशित पुस्तिका र प्रतिवेदनमा समेत भूकम्प-विमर्शले मुख्य ठाउँ ओगटेको पाइन्छ।[४]

*नेपालको महाभूकम्प*मा भूकम्पपछिका कैयौं घटनाक्रम समेटिएको छैन। राहत वितरण र पुनर्निर्माणमा सक्रिय विभिन्न कर्ताको पहिचान, विवरण र परिवेश; त्यतिखेरको सरकार-नागरिक र नागरिक-नागरिक समूहबीचको बदलिँदो सम्बन्ध; पूर्वाधार कमजोर रहेकाले आवश्यक स्रोत-साधनको जोहो गर्दा आइपरेको कठिनाइ; त्यतिबेलाको आर्थिक तथा भौतिक आवश्यकतामा आधारित राष्ट्रिय माग; र विदेशी सहयोगका शर्तप्रति तत्कालीन सरकारको रवैयाजस्ता धेरै विषयमा पुस्तकले जानकारी दिँदैन। पुस्तक लेखक ब्रह्मशमशेर राणा स्वयं सरकार सञ्चालन गरिरहेको परिवारका सदस्य थिए। त्यसै हैसियतमा उनले खास जिम्मेवारी बोकेर काम गरेका थिए। त्यसैले पुस्तकको भाषा-शैली, विषय र विवरणको छनौट, तथ्याङ्कका स्रोत, आदिको प्रकृति एकतर्फी हुन गएको देखिन्छ। पुस्तक प्रकाशित हुँदा राणा शासक परिवारभित्रको कलह चुलिएको थियो। ब्रह्मशमशेर प्रधानमन्त्री जुद्धशमशेरतिर ढल्केका थिए। उनले राहत, उद्धार र पुनर्निर्माणमा जुद्धशमशेरसित खटपट गरिरहेका कम्याण्डर-इन-चीफ रुद्रशमशेरको भूमिका गौण देखाए। त्यसैले यो पुस्तक तत्कालीन शासकहरूद्वारा निर्देशित सरकारी मुखपत्र *गोरखापत्र*जस्तै देखा पर्छ। यस अर्थमा नब्बे सालको भूकम्प र विपद् व्यवस्थापन बुझ्न यो पुस्तक अत्यन्त अपुरो र सीमित छ (Mishra and Aryal 2015)। तथापि, मानवीय क्षतिको परिमाणात्मक तुलना (Sapkota, Bollinger and Perrier 2016), परम्परागत वास्तुकलामा आएको परिवर्तन (Marahatta 2012), विपद्पछिका उद्धारका गतिविधि (Marcussen 2011), सम्पदा क्षेत्रको पुरानो स्वरूपको निर्णय (कार्की २०७२) अथवा भौगर्भिक परिवर्तन (Pandey and Molnar 1988) जस्ता विषयमा विश्लेषण गर्न अनुसन्धाताहरूले यही एउटा पुस्तकलाई प्रामाणिक स्रोतका रूपमा उपयोग गरेका छन्।

यो संक्षेपमा उतारिएका कागतपत्रले राज्यका निकायले १९९० सालको भूकम्पपछि आकस्मिक रूपमा गर्नुपरेको उद्धार, राहत र व्यवस्थापनका गतिविधि, अरू बेला गर्दै आएको नियमित कार्य सम्पादनका चुनौती र सर्वसाधारणका चासो र सरोकारजस्ता विविध खालका दृश्य देखा पर्छन्। यी सामग्री तत्कालीन सरकारद्वारा गठित भूकम्प पीडितोद्धारक संस्था (भूपीसं) मातहत सङ्कलित सामग्रीका केही नमुना हुन्। भूपीसंले राहत वितरण तथा पुनर्निर्माणसँग सम्बन्धित कामको संयोजन र समन्वय गरेको थियो। यी सामग्री हाल काठमाडौंस्थित राष्ट्रिय अभिलेखालयमा संगृहित छन्। कतिपय कागतपत्र पानीले खाएका छन्। कति सडेगलेका देखिन्छन्। कतिलाई अव्यवस्थित राखिएकाले तिनलाई पहिल्याउन र पढ्न गाह्रो छ। केही सामग्री काम लाग्ने अवस्थामा नरहेको भनेर धेरै पहिले नै धुल्याइएको थियो। पहिले हनुमानढोका परिसरमा रहेको यो सङ्कलन केही समय बबरमहलमा राखिएको थियो। पछि पुनः कपडाका स-साना पोकामा बाँडेर नयाँ पोका नम्बरसहित राष्ट्रिय अभिलेखालयमा ल्याइएको हो। केही पोकामा भूकम्पसँग असम्बन्धित सामग्री पनि परेका छन्।[५] नब्बे सालको भूकम्पसँग सम्बन्धित यो सायद सबैभन्दा ठूलो सङ्कलन हो। यसभित्र १०,००० ओटा जति लगत, तेरिज, बिन्तीपत्र, दर्खास्त, पुर्जी, किताप, जाहेरीजस्ता दस्तावेज छन्।

मार्टिन चौतारीद्वारा सञ्चालित क्रमभङ्ग र सम्भार अनुसन्धान परियोजना अन्तर्गत यी सामग्रीको विस्तृत सूची तयार हुँदैछ। यसबाट नब्बे सालको भूकम्पसँग सम्बन्धित *नेपालको महाभूकम्प* भन्ने किताब र *गोरखापत्र* मात्रै होइन, अरू धेरै प्रकारका सामग्रीउपर अनुसन्धाताहरूको पहुँच पुग्नेछ। नयाँ खाले सामग्रीले नयाँ प्रश्न जन्माउने छन्, नयाँ दृष्टिकोण पैदा गर्ने अवसर जुराउने छन् र नौला प्रस्थानबिन्दु कायम गर्न सक्नेछन्। साथै, चौतारीमा रहेको क्रमभङ्ग अनुसन्धानसम्बन्धी प्राथमिक आकरमा नयाँ सङ्ग्रह थपिनेछ। यसले चौतारीमा प्रयोग हुँदै आएको क्रमभङ्ग अनुसन्धान ढाँचा अनुसार भूकम्पलाई पनि अरू ठूला समाज-प्राकृतिक घटनासरह बुझ्न सघाउनेछ (राज २०६९; Raj 2013)। चौतारीको आकरमा विभिन्न प्रकृतिक र मानवनिर्मित क्रमभङ्गसम्बन्धी प्राथमिक र सहायक स्रोत सामग्री रहनेछन्। ती जम्मै चौतारी पुस्तकालय एवं स्रोत केन्द्रमार्फत सार्वजनिक पहुँचभित्र रहनेछन्।

[४] भूकम्पसँग सम्बन्धित केही प्रमुख गैर-आख्यान र गैर-साहित्यिक कृतिका दुई ओटा सन्दर्भ-सूची Raj and Gautam (2015) मा उपलब्ध छन्।

[५] यो कुरा राष्ट्रिय इतिहास निर्देशन आयोगले २०४५ सालमा छापेको सूची र राष्ट्रिय अभिलेखालयमा रहेको सूची दाँजेर हेर्दा स्पष्ट हुन्छ। अघिल्लोले भूकम्पसम्बन्धी '३९ पोका' कागत छ भने पनि पोका नम्बर खुलाउँदैन (अमात्य २०४५: ९१)। पछिल्लोले सो विषयमा पोका संख्या ३०६ देखि ३१० सम्म रहेको र प्रत्येक पोकामा क, ख, ग र घ गरी चार पोका भएकोले कूल २० पोका रहेको देखाउँछ।

यहाँ परेका दस्तावेजले नब्बे सालको भूकम्पपछिको फरक-फरक ठाउँ र फरक-फरक अवस्थाको वर्णन गर्छन्। पहिलो सामग्रीको रूपमा भूकम्पलगत्तै गरिएको क्षति सङ्कलनको ढाँचा दिइएको छ। दोस्रो सामग्रीमा लगत सङ्कलनकै पूरक प्रश्न उल्लेख छन्। पुनर्निर्माणका लागि आवश्यक सामग्री तथा बजेटको अनुमान लगाउन त्यतिखेर सरकारले तयार गरेको आधारभूत तथ्याङ्कको नमुना रूपमा तेस्रो सामग्री परेको छ। निर्माण सामग्रीका लागि राज्य र जनतामाझ भएको मोलमोलाइसँग सम्बन्धित तीन ओटा पत्र चौथो सामग्री बनेर आएका छन्। पाँचौं सामग्रीले भूकम्प प्रभावित घरमूलीहरूलाई दिइएको आर्थिक सहयोग सम्बन्धमा जानकारी दिन्छ। छैठौं सामग्री अत्यावश्यक आपूर्ति व्यवस्थाका नाममा काठको ठेकेदारले उठाउन खोजेको फाइदाको नालीबेली हो। सातौं सामग्रीमा सरकारी कर्मचारीलाई राज्यले प्रदान गरेको ऋण असुलीको अप्ठ्यारो देखिन्छ। आठौंमा पुनर्निर्माणको क्रममा घरको साँधसीमालाई लिएर उठेको विवादको नमुना छ। नवौं सामग्रीले काठमाडौंबाहिर मधेसमा विपद् व्यवस्थापनको झझल्को दिन्छ भने अन्तिम सामग्रीमा राज्यको दैनन्दिनका क्रियाकलापलाई सुनिश्चित गर्न पर्ने शासकीय चासो व्यक्त छ।

नब्बे साल र २०७२ सालको भूकम्पको सेरोफेरोमा उस्तै प्रकृतिका सामाजिक, प्रशासनिक, आर्थिक, मानवीय, व्यवस्थापकीय द्विविधा र विरोधाभास देखिन्छ। यहाँ प्रस्तुत दस्तावेजले त्यस्ता अन्तर्विरोधका विविध आयामको तुलनात्मक अध्ययनलाई सजिलो बनाउने छ। यहाँ प्रत्येक कागतपत्रको परिचयात्मक विवरण र मूलपाठ दिएको छ। कतिपय विवरणमा पाठकले नब्बे साल र २०७२ सालमा विपद्पछि राज्यको उपस्थिति र भूमिकाबारे अनायास तुलना गर्नेछन्। केही स्थानमा पाठकले नेपाली राज्यले खेल्नुपर्ने वा खेल्नसक्ने भूमिकालाई लिएर केही निराशाजनक टिप्पणी व्यक्त भएको पाउनेछन्। विपद् व्यवस्थापन र पुनर्निर्माणको सामान्य मूल्याङ्कनले त्यतिबेलाको असामान्य चुनौतीलाई नदेखे झैं गरेको भनी आलोचना हुनसक्छ। तर उद्धार, राहत वितरण र पुनर्निर्माणसम्बन्धी खाका तयार गर्दा विगतको अनुभव नहेर्ने र इतिहासबाट नसिक्ने प्रवृत्तिसित सहमत हुन सकिन्न। वास्तवमा नेपाल सरकारका मन्त्रालय, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालगायत जम्मै सरोकारवालाले नब्बे सालमा बनाइएका जानकारी र सूचनाको ढाँचा बुझ्न कुनै प्रयास नगरेकाले भूकम्प प्रभावित परिवारको दुर्दशा र अनिश्चितता थपिएको हो।

## सामग्री १

### क्षति मूल्याङ्कन फारामको ढाँचा

२०७२ वैशाख १२ को भूकम्पपछि कम्तीमा पाँच ओटा फरक निकायबाट क्षतिका विवरण सङ्कलन भएका थिए : गृह मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय सरकार र मातहतका निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, र स्वयंसेवी इन्जिनियरहरू। यस्ता क्षति मूल्याङ्कन फाराम (लगत) हतारमा बनाइएका थिए। मानवीय तथा भौतिक क्षतिबीच; सम्पन्न र निःसहायबीच; लैङ्गिक, सीमान्तीकृत र बहिष्कृत समुदायका हिसाबले जोखिममा परेका र नपरेकाबीच यी फारामले कुनै फरक तथ्याङ्क उपलब्ध गराएनन्। यस बाहेक यिनमा 'आंशिक क्षति' जस्तो अस्पष्ट कोटि राखियो। पछि यसले राहत र अनुदान वितरणमा दलीय खिंचातानी ल्यायो। प्राविधिकहरूको ठूलै जमात्ले सदाशय राखेर प्रभावित भौतिक संरचनामा रातो, पहेंलो र हरियो स्टिकर टाँस्ने काम गरे। पछि यो काम पनि अनुमानका भरमा गरिएकोले सरकारी वर्गीकरणको आधार नबन्ने भनियो। विपद्पछि संकलित शुरूका क्षति विवरण नै पछि गएर राहत वितरण र पुनर्निर्माणका मापदण्ड बन्नेछन् भन्ने धेरैलाई थाहा भए पनि सङ्कलित विवरणको विश्वसनीयता र आधिकारिकता पुष्टि गर्ने संरचना तिनै फाराममा गाभ्ने चेत राखिएन। राहत वितरण र पुनर्निर्माणका चुनौती बोध गराउन सङ्कलित 'प्रारम्भिक' मूल्याङ्कन काम लाग्यो होला। तर प्रभावकारी योजना तर्जुमा गर्न भने काम लाग्ने भएन। सूचना सङ्कलन गर्न तयार गरिएको त्रुटिपूर्ण संरचनाका कारण वातावरण अन्यौलग्रस्त बन्यो। पीडितहरूको ठूलो संख्या 'नक्कली' भनिने वर्गमा छुट्याइयो। राहत पाउनु पर्नेहरू छुटे। कतिले दोहोरो राहत पाए। राहत वितरणमा ढिलाइ भयो। सरकारले बाँड्ने भनिएको अनुदान, ऋण र निर्माणसामग्रीको सुलभताबारे लक्षित परिवार अलमलमा परे। राज्यका निकाय र राजनीतिक संरचनाका भूकम्पपछिका गतिविधिले गर्दा नागरिक-राज्यको सम्बन्धमा दूरगामी प्रभाव परेको छ।

नब्बे सालमा भूकम्प गएको तेस्रो दिनदेखि लगत सङ्कलन थालिएको थियो। क्षति विवरण सङ्कलनका लागि त्यतिखेर तयार गरिएको खाका अहिलेको खाकाको तुलनामा धेरै हदसम्म सन्तुलित देखिन्छ। यहाँ लामाटारमा प्रयोगमा आएको फारामको नमुना प्रस्तुत गरिएको छ। त्यसो त काठमाडौंमा अझ विस्तृत तथा त्रिशुलीमा केही कम जानकारी दिने फरक

## मूलपाठ

| घरधनीको | | थीची.मरेका | | | | | | बाकी जहां | | ज्मा घर | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सहीछाप | नाउँ थर्‌वतन् | मरूवा. | | घाईते. | | बेपत्ता. | | मर्द ना | जन ना. | लमाई हात. | गज हात | तला | कची | पक्की |
| | | मर्द ना. | जन ना. | मर्द ना | जन ना | मर्द ना | जन ना. | | | | | | | |

| तिमध्ये भत्केको | | | स्व घर भत्केको यसै साल बनाउँन सकने | | | | बनाऊनै न सक्ने. ज्वां | घर भत्की षान न पाउँने मध्ये कां गरी षान नसकने |
|---|---|---|---|---|---|---|---|---|
| पाताल् भयेको | नभत्के पनी बीग्रेकोले ज्मै भत्काउँनु पर्ने | साबुद | सावीक बमोजीं | तला घटाई | यो साल गुजारा संम चल्ने गरी | बनाउँनालाई चाहीने अंनाजी माल् भनेको | | |

| घरले पुरी नोक्सां भयेको | | | सर्कारीया छापरमा बस्ने | पीर बाधा पर्ने | कैफीयेत् |
|---|---|---|---|---|---|
| जीन्सी | | नगदीको | ज्वां | ज्वां | |
| मुरीगत्. | धार्नीगत्. | | | | |

खालका फारामका नमुना पनि भेट्टिएका छन्। तर सबैखाले फाराममा मरेका व्यक्तिको विवरण (महिला, पुरुष गरी), बाँचेकाको जानकारी (महिला र पुरुष छुट्याई), भौतिक क्षतिको प्रकृति र मात्रा, मर्मत सम्भारको क्षमता र सम्भावना, र कतै-कतै अन्न तथा चौपायाको क्षतिको विवरणसम्म शुरूमै राखिनु आफैमा महत्त्वपूर्ण मान्न सकिन्छ।

### सामग्री २

### नखुलेका विवरण पुनः खुलाइ ल्याउने फाराम

वि.सं. २०७२ को भूकम्पपछि क्षतिको विवरण सङ्कलन गर्ने सबै अभ्यास प्रभावित घरधुरीको संख्या यकीन गर्नैमा केन्द्रित देखिन्छ। सरकारले दिने भनेको र विभिन्न मित्रराष्ट्रले उपलब्ध गराउने भनेको राहत वितरण र पुनर्निर्माण सहयोगको दुरुपयोग नहोस् भन्ने चिन्ताले यो चासोलाई डोऱ्याएको देखिन्छ। पछिल्लो समयमा थालिएको 'उच्च प्रविधियुक्त' लगत सङ्कलन पनि यही चिन्ताबाट निर्देशित देखिन्छ। लाखौं 'नक्कली' पीडित 'फेला' परेको समाचार नै त्यो सङ्कलन अभ्यासको सफलतासरह प्रचार गरिएको त्यसै होइन। लगत सङ्कलनको प्रविधि प्रभावित जनसमूहको आवश्यकता र चाहना प्रतिविम्बित हुने ढङ्को हुनुपर्थ्यो, तीमध्ये केहीलाई नक्कली साबित गर्न होइन। राहत वितरणलाई न्यायोचित बनाउने आग्रह गर्नुभन्दा लक्षित समुदायको पीडा लम्बिन नदिने प्रतिबद्धता प्राथमिक दृष्टिकोण हुनुपर्थ्यो। उदाहरणका लागि, आफ्नो गाउँठाउँ फर्किन नसक्ने विस्थापित परिवारको पुनर्स्थापनाबारे बहस धेरै ढिलो गरी, हो-होइनजस्तो भरखर शुरू भएको छ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको ध्यान जोखिममा परेका बस्तीको पहिचान गर्नमा सीमित देखिन्छ। पुनर्स्थापना कार्यक्रम लागू गर्ने समयावधि टुङ्गो

लागी नसकेकोले केही सरकारी र गैरसरकारी निकाय अस्थायी सामुदायिक भवन बनाइ २०७३ सालको वर्षायाम कटाउने उद्यममा छन्। तर यो करुणाजनित रणनीतिमा पुनर्स्थापनाले जन्माउने सबै खाले समस्या बेहोर्नु पर्ने सम्बन्धित समुदायको चाहना मुखर भएको छैन, मानौं भूकम्प प्रभावित परिवार आफ्नो हविगतका लागि स्वयं जिम्मेवार होऊन्। त्यसैले जोखिमको आकलन र त्यसबाट सुरक्षित रहने उपाय भूगर्भविद्ले तय गर्छन्। साँस्कृतिक नोक्सानी र त्यसले जन्माउने मानसिक समस्या समाधान गर्न मनो-सामाजिक परामर्शदाताहरू अनुबन्धित हुन्छन्। पुनर्निमाणको निहुँमा अनायास पुरातात्त्विक उत्खनन्को आग्रह गर्दै नगरपालिका सामुदायिक संस्थालाई विस्थापित गर्ने धुनमा छ । केही गैरसरकारी संस्था यही चटारोमा कृषियोग्य जग्गाउपर स्वामित्वको किचलो उठाउन प्रयासरत छन् । भूकम्प प्रभावित परिवार चाहिँ दयाका पात्र हुन् र राहतका निष्कृय र निर्बुद्धि प्रापक मात्र हुन् भन्ने ठानिएको छ।

तल प्रस्तुत सामग्रीले नब्बे सालको भूकम्पपछि पुनर्निर्माण कार्यक्रमको रूपरेखा कसरी बनाइएको थियो भन्नेबारे केही कुरा खुलाउँछ। भूकम्पपछि त्यतिखेर लिइएको लगतमा के निर्माण सामग्री उपलब्ध छन्, घर परिवारको आर्थिक अवस्था कस्तो छ, आफैले निर्माण गर्न सक्ने छन् अथवा सरकारी सहयोग चाहिने हो, घर-छिमेकीको सहयोगबाट मर्मत गर्न वा नयाँ बनाउन सकिने अवस्था छ वा छैन जस्ता प्रश्न समावेश थिए। साथै, ज्यामी, डकर्मी वा सिकर्मीहरूको आवश्यकता विषयमा पनि प्रभावित परिवारसँगै जानकारी मागिएको थियो। भूपीसंले घरधुरीपिच्छे भौतिक र अर्थ-सामाजिक तथ्याङ्क सङ्कलन गरेको थियो। यसबाट आवश्यकता र क्षमताअनुसार प्रत्येक घर परिवारसम्म सरकारी सहयोग पुग्न सकोस् भन्ने तत्कालीन सरकारको नीति रहेको स्पष्ट हुन्छ। तल दिइएको सामग्रीमा भूपीसंले प्रत्येक घर परिवारलाई चार ओटा विकल्प दिएको देखिन्छ। पहिलो, निश्चित छुटमा निर्माण सामग्री लिन चाहने परिवारलाई तिनको आवश्यकता अनुसार त्यस्तो सामग्री उपलब्ध गराउने। दोस्रो, आफ्नै स्रोत-साधन नपुग भएका परिवारलाई बिग्रे-भत्केका घर बनाउन चाहिने कर्जा सापटी उपलब्ध गराउने। तेस्रो, ऋण सापटी तिर्न नसक्ने र सरकारी अनुदान पाए मात्र बनाउन सक्छौं भन्नेहरूलाई अनुदान उपलब्ध गराउने। चौथो, आफू बसिरहेको ठाउँ छाडी अन्य स्थानमा जग्गा उपलब्ध भए घर बनाइ बस्न जान चाहनेहरूको इच्छा सम्बोधन गर्ने।

मूलपाठ

श्री

भैआयेका घरदरमा. नषुलेको हुनाले अबलाई.
<u>ल्याउनुपर्ने. फारामको ढाचा पनी दीयेको छ.</u>

१ नं. घर भत्केका मानीसहरूले. सो भत्केका घर. तयार गर्न. सजीमर्मत गर्न. ईट् काठ्पाट्. कर्क. पाता. ईत्यादी. यो येती मालको दरकार छ. सुफत मोल्मा. लीन पाउ भंन्याहरू छं भंन्या. सो पनी. लेषी षुलाई. ज्मा यो येती. चाहीने भनी ते रीजमा स्मेत्. ज्मा अंक देषीने गरी. षुलाई ल्याउने---------१
२ नं. भत्केका घर. वाला मानीसहरूमा. सावगास हवीगत. ले पुगदैन. तेसो हुनाले सर्कारतर्फबाट कर्जा सापती. नपाई बनाउन. सक्तैन. कर्जा सापट्. पाउँ. भंने मानीसहरू. रहेछं भंने सो भत्के. बीग्रेको घर त. यार गर्न. चाहीने मनासीब. कतीकती. कुं कुं. कीसींसंग नीजहरूले माग्छ. सो र तेस्मा आफ्नो. चीत. ले मुनासीब ठहराई. कैफीयेत.मा जनाई ल्याउनु ------------१
३ नं. रीनसापती. तीर्न नसकने हवीगत भै. सर्कारतर्फबाट बक्सेका तवरबाट. पाये मात्र बनाउन सक छौं. भंने भये. सो पनी षुलाई ल्याउनु ---------------------------१
४ नं. घर भत्केका हकमा. सो ठाउ. छाडी अनेत्र षुला मैदान. जगा पाये. यौटा वनार. षडा गरी पाये तेस जगा.मा गै घर बनाई. बस्ने मंसुवा गर्नेहरू भये सो पनी षुलाई ल्याउनु ---------------------------------१
५ नं. सो घरदर गर्दा जुं टोल छ. उस्को. ४ कीत्ता षुलाउनु. पर्छ ------------------------१

**सामग्री ३**

## पुनर्निर्माणका लागि आवश्यक सामग्रीको अनुमान

वि.सं. २०७२ र १९९० को भूकम्पपछि क्षति विवरणको तथ्याङ्क सङ्कलनमा नेपाली राज्यको नितान्त भिन्न प्रवृत्ति देखिन्छ। २०७२ सालमा अनुमानित क्षतिको आर्थिक आकलन गरेर एउटा रकम निकालियो र विदेशी सहयोगका लागि आह्वान गरियो। प्रत्येक घर परिवारको वास्तविक क्षति वा आवश्यकता आकलन गरिएन। पछिल्लो लगत सङ्कलनमा केही अर्थ-सामाजिक प्रश्न थपिए पनि तिनले पुनर्निर्माणका लागि दिइने

अनुदान वा ऋणको रकमलाई प्रभावित गर्दैन। भूकम्प प्रभावित परिवारपिच्छेको चाहना नब्बे सालमा भूपीसंसमक्ष स्पष्ट थियो। तल दिइएको सामग्री यस्तो आवश्यकता आकलनको एउटा नमुना हो। यस्ता घरधुरी तथ्याङ्कबाट भूपीसंलाई पुनर्निर्माणका लागि आवश्यक श्रम, सीप र सामग्रीको परिमाणको वास्तविक अनुमान अनुमान लगाउन सजिलो भयो। २०७२ सालको भूकम्पपछि भने त्यस्तो काम अहिलेसम्म हुन सकेको छैन।

भूपीसंले अनुमानित सहयोगका फरक-फरक आयामलाई छुट्टाछुट्टै तरिकाले महत्त्व दिएको देखिन्छ। यस्तो दुई कारणले भएको हुन सक्छ। पहिलो, सबै परिवारले आफूलाई आवश्यक निर्माण सामग्री सित्तैमा चाहँदैनथे भन्ने भूपीसंलाई चेत थियो। त्यसैले, उसले आवश्यकता अनुसार बजारमा निर्माण सामग्री उपलब्ध भए-नभएको कुरातर्फ ध्यान दिनुपर्ने भयो। दोस्रो, यस्ता सामग्री वा साधन एक-आपसमा प्रतिस्थापन हुन सकिने खालका थिएनन् अथवा नगद तिरेर बजारबाट सजिलै किन्न सकिने खालका थिएनन्। त्यसैले प्रभावित घर परिवारसम्म सामग्री-विशेष नै उपलब्ध गराउनु पर्ने थियो। स्पष्टतः भूपीसंले जे जसरी आवश्यकता छ त्यो त्यसरी नै उपलब्ध गराउने रणनीति लियो।

यहाँ प्रस्तुत तालिकाले कुनै एउटा भूकम्प प्रभावित बस्तीको पुनर्निर्माण आवश्यकता देखाउँछ। यहाँ १६७ परिवारले ४६,३५५ रूपैयाँ बराबरको सहयोग मागेको भनिएको छ। पाँच परिवार नयाँ ठाउँमा जान इच्छुक देखिन्छन्। ९१ परिवारले आंशिक सहयोगको आशा गरेका छन्। ४४ परिवारले पुरै रकम ऋणमा मागेका छन्। एकजना गरिब र दीनहीनलाई राज्यले घर बनाइदिनु पर्ने अपेक्षा व्यक्त छ। एकजनाले अनुदानका लागि निवेदन दिन चाहेको देखाइएको छ। निरीक्षणका क्रममा यीमध्ये ८३ प्रतिशतभन्दा धेरै रकमको दाबी सही रहेको जानकारी दिइएको छ। जम्मा ३० घरले भने आफ्ना लागि आवश्यक सामग्री सजिलै उपलब्ध होस् भन्ने चाहन्थे। उनीहरूलाई १३६,००० ईंटा, २,४०६ ओटा विभिन्न थरी काठ, ४०७ कर्कट पाता चाहिएको थियो। यस बाहेक उनीहरूलाई ८२४ सिकर्मी, तथा ७४८ डकर्मी आवश्यक पर्थ्यो। यस्तो वर्गीकृत जानकारीले सबै कुरा नभने पनि त्यसको आधारमा पुनर्निर्माणका योजनालाई प्रभावित समुदायको आवश्यकता अनुकूल बनाउन भूपीसंलाई सजिलो भयो होला भन्ने अनुमान गर्न सकिन्छ। हालको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग यस्ता जानकारी न प्रभावित बस्तीपिच्छै उपलब्ध छ, न जिल्लातहमा। भूकम्प प्रभावित परिवारहरू सहयोग खोज्दै आफ्नो सेवा केन्द्रको ढोकामा पहिले आऊन् र त्यसपछि तिनको माग बुझौंला भन्ने मनस्थिति व्याप्त देखिन्छ।

## मूलपाठ

### <u>तेरीज</u>

जमा घर ------------------------------------------------

आफ्नैतर्फवाट. षर्च लगाई बनाउन सक्ने माल भछन

चाहिने. घर ----------------------------------------------३०

ईट्. ----------------------------------------१३६०००□तेलीया

ईट्. ---------------------- १०००० ~~१००००~~

पाको ईत --------------------- १२६०००

----------------------------------------

काठ् ----------------------------------------

मुसी गोटा ------------------------- ८८०

दलीं गो.टा -------------------------१३६२

नीडाल गोता. --------------------------३१

अग्राषको थाम गोता. ------------------१३३

----------------------------------------

कर्कते पाता --------------------------------------४०७

कालीगट् ज्वान् ---------------------------------१५७२

सीकर्मि -------------------------८२४

डकर्मी -------------------------७४८

----------------------------------------

नगदी. षोला मैदान जाने घर ५ स्मेट्. घर १६७ के ---------
----- ४६३५५

आफुसंग रहेका जठाले नपुग् पाउँ भंने घर ९१ के -- २३५०५

ज्मै सापती पाउँ भंन्ये घर ४४ के ---------------------२००५०

दीन. दुःषीको घर १ के ----------------------------------१७५०

बक्स पाउँ भंने घर १ के ----------------------------------२००

----------------------------------------

जाच गर्ने. अफीसर.बाट. योग्य अयोग्ये मनासीब ठहरायाको -----
---३८७०५

मे.क.प. तुलावीक्रम् रा.णा. ------------------१

नारा. रत्नबहादुर. जोसी ----------------------१

नारा. रत्नेश्वर.लाल जोसी --------------------१

## सामग्री ४

### पुनर्निर्माणका लागि आवश्यक सामग्रीहरूको जाँच

यहाँ प्रस्तुत तीन ओटा दस्तावेज १९९० सालको भूकम्पले क्षतिग्रस्त काठमाडौंको एउटा मन्दिर निर्माणका लागि आवश्यक काठ आपूर्तिका सम्बन्धमा छन्। उक्त भूकम्पपछि पुनर्निर्माणका लागि निर्माण सामग्री आपूर्तिको सम्पूर्ण जिम्मेवारी राज्यले लिएको थियो। उदाहरणका लागि, काठ कटानी बन्दोवस्त अड्डाले पहाड तथा तराईमा काठ आपूर्ति गर्ने भनिएको थियो। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भने तीन किस्तामा दुई लाख रूपैयाँ दिएपछि निजी आपूर्तिकर्ता तथा वितरकहरूको बजार-सञ्जालले विभिन्न निर्माण सामग्री सहजै उपलब्ध गराउने विश्वास लिएको देखिन्छ। वन मन्त्रालय अन्तर्गत तयार गरिएको निर्देशिकाले पनि सामुदायिक वनसँग 'जोडिएका' समुदायबाहेक अरू प्रभावितहरूका लागि बजारले चाहिने जति काठ बिक्री वितरण गर्न सक्ने मान्यता राखेको छ।

प्रष्टसँग के भन्न सकिन्छ भने पछिल्ला केही दशकमा कुनै पनि विपद्बाट प्रभावित परिवारलाई न आफ्नो मातहतको निकायबाट, न प्रभावकारी निगरानीमा बजारबाट सहयोग उपलब्ध गराउन राज्य सक्षम देखिएको छ। यस्तो विविध कारणले भएको हुन सक्छ : स्वच्छ बजारको अभ्यासका लागि ऐन नबनाउने र भएका कानून कार्यान्वयन नगर्ने कमजोरी चुरो कारण होला। कतिपय सरकारी अधिकारी र भूमिगत बजारका प्रभावशाली लगानीकर्ताबीचको गठजोड अर्को कारण होला। नियम कानूनमा भइरहने फेरबदलले पनि बजार नियन्त्रण गर्न चाहने अधिकारीलाई अन्यौल भइरहेको हुनसक्छ। उपभोक्ता हित संरक्षण गर्न भनी बनेका र उपभोक्ता अदालतजस्ता प्रस्तावित दुवै खाले संस्था बलिया बनाउने कानूनी र व्यवस्थापरक आधार नभएकाले राज्य फितलो देखिएको हुनसक्छ। सबै राजनीतिक पार्टीका दुई धारे कुराले पनि राज्य र बजारको सम्बन्ध तनावग्रस्त बनेको हुनुपर्छ। एकातर्फ 'समाजवाद उन्मुख' नारा संविधानमै तोकिएको छ। अर्कोतर्फ अनियन्त्रित खुला बजारको वकालतमात्रै होइन, बजार नियन्त्रणको झिनामसिना कदमको राष्ट्रव्यापी विरोध गर्ने चलन रूढ भइसकेको छ। अनुत्तरदायी र अनियन्त्रित बजारको अनुभव खेपेका धेरै भूकम्प प्रभावितहरूले सरकारी अनुदानको दुई लाख रूपैयाँ अत्यन्त न्यून भएको जनाइसकेका छन्। प्रभावित समुदायसम्म निर्माण सामग्री र उपयुक्त सीपयुक्त मानिस नपुऱ्याएसम्म अनुदान रकम थपेर मात्र समस्या समाधान हुँदैन। बरु, अनुदान रकम बाँडेर खाने वा अलक्षित काममा खर्च गर्ने सम्भावना बढ्ने देखिन्छ।

पुनर्निर्माणका लागि आवश्यक सामग्रीको खरिद तथा वितरण प्रणालीका सम्बन्धमा नब्बे सालपछिको स्थिति बुझ्न थप दस्तावेज खोतल्नु जरुरी छ। तथापि यहाँ प्रस्तुत तीन सामग्रीले भूकम्पपछि अपनाइएका अहिलेका प्रक्रियाभन्दा नब्बेसालतिर भिन्न खालको परिस्थिति रहेको सङ्केत गर्छन्। तल प्रस्तुत दस्तावेजले विपद्पछिको काठ आपूर्ति संयन्त्रको अवस्थाको वर्णन गर्छ। भैरवबहादुर जोशीले पहिले मन्दिर बनाउन आवश्यक काठ मागेका थिए। सोही अनुरूप काठको जोहो भइसकेपछि उक्त प्रजातिको काठ नचाहिने भने, र अर्कै किसिमको काठ चाहिने भन्ने व्यहोराको निवेदन दिए। त्यस विषयमा भूपीसंले जाँचबुझ गर्दा कम्याण्डर-इन-चीफको सिफारिसमा निज जोशीले पहिले नै उपयुक्त काठ ल्याइसकेको जानकारी दिए। भूपीसंले आफ्नो काम नियमित रूपमा गरिरहेको थियो। तर राज्यका अरू निकायले समानान्तर अभ्यास पनि गरिरहेका थिए भन्ने यो सङ्केतसम्म हो।

### मूलपाठ (४ क)

भूकम्प पिडितोद्धारक संस्थाबाट      श्रीपाहाड काठ् कटानी बंदो
बस्त अडाके

पुर्जी

उप्रांत. पचलीभैरव. थां जाने बाटोको मचली भंन्ने ठाउमा श्रीअष्टमात्रीकादेवी
को थां भूकंपले भत्केको देवालये बनाउनलाई चाहीने भनि अंदाजले लेषी दी
याको १२ हाते. सल्ला दलीं १० नीकासा बक्स्येको हाल. जंचाउदा. सो कीसींको न
चाहीने अर्के कीसींको चाहीने हुंदा जांची चाहीने काठ् दीनु. भंन्ये र अघीको नीका
साको काठ् दीनु. परेन. भंन्ये स्मेत् बेहोराको. काठ्माडौ फसीकेव. बस्ने भैरव
बहादुर जोसीले दरषास्त दीयाकोले. लेषेको छ. सो अघी नीकासा भयाको स
ला दलीं गोटा १२ बाह्र (!) नीजले ली सक्यो सकेन. लेषी पठाउने कां गर संम्वत्
१९९१ साल्. मार्ग  गते रोज शुभम् ----------------------------------

## मूलपाठ (४ ख)

भूकम्प पी. संस्थाबाट ऐ. काठमाडौ. सहर जाचफाट्के.

पूर्जि

ऊप्रान्त. पचलीभैरव थां जाने बाटोको. मचली. भंने ठाउँमा. श्रीअष्टमात्रृकादेवीको स्थां भू कम्पले भत्केको बनाउँनालाई. नीकासा भयाको १२ हाते दलीं. थां १० चाहीदैन. अर्कै की सीमको. चाहीने जती काठ पाउँ भनी. फसीकेव बस्ने. भैरवबहादुर जोसीले. दर्खास्त दी येको हुनाले. सो अष्टमात्रृकादेवीको स्थां बनाऊनलाई के कती. काठ चाहीने रहेछ. स्व बुझ्नु पर्दा लेख्ने कां भयाको छ तसर्थ. माथी लेखीयेको अष्टमात्रृकादेवीको स्थां बनाऊनालाई के कती काठ. चाहीने रहेछ. जाची. भयाको बेहोरा. चाडो लेखी. पठाऊने कां गरे बेस होला ईती सम्वत् १९९१ साल्. चैत्र २० गते रोज ३ शुभम्

बी. राम

श्री भैरवबहादुर जोसी का. फसी कव

## मूलपाठ (४ ग)

श्री

लिषीतम काठमाडौ फसीकेव बस्ने भ्रैव(!)बहादुर जोसी आगे पचलिभैरवस्थान् जाने बाटोको मचलि भंने. ठाउँमा श्रीअष्टमात्रृकादेवीको स्थान भू.कम्प ले भत्केको बनाउनालाई. निकासा भयाको १२ हाते दलिं थां १० चाहींदैन अर्कै किसींको चाहींने जति काठ पाउँ भनी फसिकेव बस्ने भैरवबहादुर जोसीले दर्षास्त दियेको हुनाले सो अष्टमात्रीकादेवीको स्थान् बनाउ नाउना(!)लाई. के कति काठ चाहींने रहेछ के कति काठ चाहींछ (!) जाची प ठाई दीनु भंने. भु.क.पी.सस्थाबाट ९१।१२।२०।३ मा. यस फाट्लाई ले षौट भै आयाको हुनाले आज मलाई झिकाई. तीमीले मचलि देवल बनाउन. दर्षास्त दीयेको हो होइन. हो भने सो देवल बनाउन के कती काठ् लागछ जाच गर्न देषाई देउ भनी आज मलाई सोधनी गर्दा मेरो चीत बुझ्यो यस्मा. सो देवल बनाउन. मैले संस्था गोश्वारामा दर्षास्त दी याको हो नीकासा गराई दीन. धीला गरेको हुनाले मैले श्रीकम्यांडर इन चीफ् साहेबका हजुरमा बीन्ती चढाई सींहदर्बार. घरकाज गो श्वराबाट जाच गराई. थासीं भंने काठ् गोटा ४० चालीस् दीने ठहराई सो काठ् थां ४० मैले जीन्सी गोदांबाट ल्याई सकेको हुनाले. अब. सो देवल बनाउन जाच गर्न र काठ् स्मेत चाहींदैन. यस्मा झुट्ठा बेहो रा लेषी दियेको ठहरे अैन् सवाल बमोजीं बुझाउला भनी. मेरो मनोमान् षुसीराजीसंग कागज लेषी. का.स. जाचफाट्मार्फट श्री ५ सर्का रमा चढाञ्यूं इती सम्वत् १९९१ साल चैत्र २३ गते ६ रोज शु(भम्)

### सामग्री ५

### भूकम्प प्रभावित लक्षित आर्थिक सहयोग

वि.सं. २०७२ को भूकम्प गएको १० महिनापछि दोलखाको सिंगटीका केही घर परिवारलाई पुनर्निमाणका लागि आर्थिक सहायता दिने कामको शुरूआत भयो। ३१ जिल्लाका भूकम्पप्रभावित परिवारमध्ये कतिले कर्कटपाता तथा कतिले पालको छानामुनि घाम, पानी र जाडो छल्दै सहयोग पर्खिरहे। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गठन ढिलो गरी भयो। सरकारले घोषणा गरेका कार्यक्रमैपिच्छे प्रभावितहरूको संख्या सच्चिने र बढ्दै जाने क्रम रह्यो। प्रभावितहरूको यकिन संख्या निर्धारण नगरी अनुदान वितरण नगर्ने दातृ निकायले प्राविधिक दृढता देखाए। यी कारणले प्रभावितहरूमाझ अन्यौल छाइरह्यो। यो

विलम्बले राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको विश्वसनियता खस्कँदो छ। आर्थिक सहायताका लागि सार्वजनिक-निजी साझेदारी मोडेल अपनाइयो। 'शाखा-बेगर' बैङ्कबाट सेवा दिने व्यवस्थामा बैङ्क-प्रतिनिधिहरूको छनौट अपारदर्शी रह्यो। परामर्शका लागि खुलेका स्रोत केन्द्र र पुनर्निर्माणका लागि बनाइएका सेवा केन्द्र स्वचालित संरचना होइनन्। यस्ता कारणले पनि सरकारमा भर पर्न नसकिने तीतो अनुभव भूकम्प प्रभावित जिल्लामा व्यापक देखिन्छ। त्यसैले दुई प्रतिशतभन्दा कम प्रभावित घर परिवारले अनुदान सम्झौता गरेका छन् भने धेरैले अनुदानको पहिलो किस्ता लिने र त्यसलाई पुनर्निर्माणमा खर्च नगर्ने मनसुवा बाँधेका भेटिन्छन्।

यहाँ प्रस्तुत दस्तावेजले नब्बे सालपछिको आर्थिक सहयोगको सरकारी संरचनाका तुलनीय उदाहरण प्रस्तुत गरेका छन्। यसमा भूपीसंबाट क्षति विवरण सङ्कलनको पहिलो लगतमा छुट्न गएका भादगाउँकी एक 'दीन-दुःखी' को हकवालासम्म सरकारी अनुदान कसरी पुग्यो भन्ने कुरा परेको छ। पहिलो लगतपछि छुट लगत लिइयो र ती दीन-दुःखी महिलालाई दिइने अनुदानको रकम तय गरियो। त्यसपछि उनको नाममा सात दिने म्याद टाँस भयो। तर म्यादभित्रै उनी कालगतिले बितिन्। पछि सोही घर बनाउन उनकी छोरीले आफू पनि दीन-दुःखी नै भएको र आमाले पाउने रूपैयाँ पाए हुन्थ्यो भनी निवेदन दिइन्। खटिएको टोलीले टोलका छिमेकीहरूको 'मुखजबानी' लियो र स्थानीय निकायबाट सोही बेहोराको समर्थन पनि प्राप्त गऱ्यो। त्यसपछि छोरीलाई अनुदानको पहिलो किस्ता दिइयो। यसले पहुँचवाला मात्र होइन, एकल महिलाजस्ता 'अन्य' लाई पनि चिन्न र राहत सामग्री पुऱ्याउन राज्य सक्षम हुनुपर्छ भन्ने देखाउँछ। तर अरू बेला दीन-दुःखी नचिन्ने र तिनको रोजीरोटीको हिसाब नराख्ने राज्य विपद्पछि अनायास लोककल्याणकारी भूमिकामा पदार्पण गर्नेछ भन्नु सदिच्छा मात्रै हुनेछ।

## मूलपाठ

श्री

भुकंप पीडीतोद्धारक (!) जाची रूपैआ दीने भाद्गाउँ सहर २ नं फाट्मा षतियेका ले.क.
नरहरिनरसीं राणाले चढायको रिपोट् ------------------------------------
उप्रान्त ९० साल माघ २ गतेका भुकंपले भयेका नीराधार डीं दुषीलाई फंदतर्फको
रूपैआ बकस बाडी सो बाडेको फाँट् भुकंप पीडीतोद्धार संस्थामा जाहेर गर्नु भंने
गरी बकसेका ९१।१।८।६ का षड्गनीसाना सनद बमोजीं अघीका तेरीजफारांमा ना
उँ नभयेको हाल् छुट्को लगत गरी जाच्दा डी दुषी देषीयाको भादगाउँ ज्याछे टोल ब
स्ने मायादेवी तपोल्नीलाई फंडबाट बकस मोहरू १२५। दीने गरी लगत गरी ७ दीने म्या
द टासेमा नीजले रूपैआ लीन नपाउदै ( ) मरेकोले सोई घर बनाउनालाई म पनी दीं
दुषी नै हु. सो आमाले पाउने भयेको रूपैआ पाउँ भनी नीजको छोरी मसीनुमायाले दर्षा
स्त दीयेको र सो टोल्का भलादमीहरूसंग बुझ्दा नीज मसीनुमाया मायादेवीकी
छोरी हो योबाहेक नजीकको नाताको अरु छैन डीं दुषी नै छ भंने मुष बयां गरे
का र ब्रीगदीयेरबाट पनी आमाले पाउने यो पनी डीं दुषी हुदा यसैलाई दीनु भं
ने प्रमांगी बींतीपत्रमा लागी आयेको स्मेतबाट नीज मसीनुमाया तपोल्नीके
लगतमा जनाई सो मोहरू १२५।मा पैला पटक मोहरू ७५। दीयेकोले सनड बमो
जीं जाहेर गरेका छौं जो मर्जी ------------------------------------------------

मेक. कुवेरशम्सेर थापा छेत्री ---------------------१
दी. कुलप्रसाद ऊपाध्या -----------------------------१
व.सु. नारायणसीं थापामगर --------------------------१
ईति सम्वत् १९९१ साल भाद्र    गते रोज    शुभम् ----------

## सामग्री ६

### पुनर्निर्माणका लागि आवश्यक काठको आपूर्ति

पुनर्निर्माणका लागि आवश्यक निर्माण सामग्री एकैपटक ठूलो परिमाणमा जम्मा गर्न दुइटा कारणले सकिँदैन। पहिलो, विपद्पछि अकस्मात् देखापरेको उच्च मागलाई छिचोल्ने क्षमता आपूर्ति र वितरण प्रणालीमा हुँदैन। यो असहज परिस्थितिले लाभका नयाँ अवसर सिर्जना गर्दछ। यसबाट फाइदा उठाउन बजार संरचनाको पुनर्गठन हुन्छ र केही

नयाँ खाले अस्थायी सञ्जाल पैदा हुन्छन्। मुख्य रूपले समग्र वितरण प्रणाली झन् अनौपचारिक बन्छ, र त्यस्को अस्थायी प्रकृतिका कारण प्रणालीको प्रत्येक तहमा मूल्य थपिन्छ। यसरी देखा पर्ने अनौपचारिक सञ्जाल विपत्तिग्रस्त समुदायको हितमा होइन, अल्पकालीन लगानीबाट छिटो र ठूलो प्रतिफल खोज्ने समूहको स्वार्थले चालित हुन्छ। सङ्कटको यस्तो समयमा अस्पष्ट र आपसमा बाझिएका नीतिनियमको भद्रगोल, संस्थागत दण्डहीनताको बोझ, र विपद् उद्धारको दायित्वसमेत बोकेका राज्यका निकायले वितरण प्रणालीको अनुगमन र नियमन गर्न सक्तैनन्। निर्माण सामग्रीको अभाव देखिन्छ। आपूर्ति निर्बाध रहे पनि र वितरण प्रणालीभित्र सामग्री जम्मा रहे पनि उपभोक्तासम्म त्यो पुग्दैन। जति बेला थुपारेर जोखिम मोल्नुभन्दा अलिअलि बेच्तै जाँदा आम्दानी भइरहन्छ भन्ने मान्यता हावी हुन्छ त्यति बेला यो असहज परिस्थिति आफै बिस्तारै खुकुलिँदै जान्छ।

दोस्रो, राज्यले पहिलेदेखि नै आपूर्ति र वितरण प्रणालीको कडा नियमन गरिरहेको छ भने यसले विपद्पछि बलै प्रयोग गरेर भए पनि आपूर्तिको स्रोत र बजारमाथि आफ्नो एकाधिकार बलियो बनाउन खोज्छ। तर बजारले कुनै प्रतिक्रिया देखाउँदैन। किनभने माग र आपूर्ति अनुरूप बजार प्रणालीले लचकता अपनाउन जानेकै हुँदैन। त्यसैले तोकिएको बाटोबाट मात्र निर्माण सामग्री वितरण हुँदै गर्छ। यो परिवेशमा आफू अनुकूल व्यापार गर्न चाहने एउटा नयाँ समूहले सरकारी अधिकारीहरूसँग मिलेर आपूर्तिको स्रोतका ठेक्का लिन्छन्। तर स्वचालित वितरण प्रणालीको अभावका कारण तीमध्ये कतिपय व्यापारीले नाफा कमाउन सक्दैनन्। सामग्री उपलब्ध हुँदाहुँदै पनि आपूर्ति व्यवस्था सहज हुँदैन। यस्ता आपूर्ति अभाव बिस्तारै अप्रासङ्गिक हुँदै जान्छन् किनभने मानिसहरूले निर्माण सामग्रीका उपयुक्त विकल्प खोजिसकेका हुन्छन्।

यहाँ प्रस्तुत दस्तावेजले माथि उल्लिखित दोस्रो प्रकारको सम्भावना देखाउँछ। काभ्रेको खोपासीमा एक व्यापारीले राज्यसँग मिलेर राज्यको वनबाट भूकम्प प्रभावित जनतालाई विभिन्न आकार प्रकारका काठ उपलब्ध गराउने ठेक्काका लागि दर्खास्त दिएका छन्। दर्खास्तमा आपूर्ति शीघ्र गर्नपर्ने भएकोले अनुमतिको प्रक्रिया छोट्याउन अनुरोध गरिएको छ। बदलामा सरकारी दरभाउभन्दा कम मूल्यमा काठको आपूर्ति गरिने दावी पनि गरिएको छ।

## मूलपाठ

श्रीः

दर्खास्तपत्र

उप्रांत ९० साल माघ २ गतेका भुकंपले भादगाउँ सहर ज्यादै
भतकेको. र सटक फराकिलो ग
राउना नीमीत्त बजारको पाली जम्मै भतकाउन लगाई.
बकसेकोले छेदीमा दलान षोलि प
सल बनाई. बस्न.लाई अग्राषहरु.को. थाम साता कीसिंको.
नीडालहरु.समेत. चाहीने. नली
नहुने. काम भयाकोले. जल्दाजल्दी मै. तयार गर्न परी. सो. थाम
नीदालहरु नपाई काम. ह
र्जा भयाको छ तेसो हुनाले सो कामलाई. परल दरमा.
सरकारतर्फबाट बीक्री गर्ने. दलींहरु मु
सिसमेत चाहीयेको. काम भयाकोले ढुंषर्क २३००० तेइस हजार
कटानी. बंदोबस्त. गरे
काले. दलीनहरुलाई. ढुंषर्कसरह थाम. नीडालहरु माज सजं
अग्राष तीन ३ कीसीं
को अग्राषको मोल लामपाटका बीक्री षरीदभन्दा सवाई घटि.
दीने. बंदोबस्त लि
कटानी कटानी गरी. दीने. बंदोबस्त गरी पाउँ सो काठ् कटानी
गर्ने. पूर्व १ नंबर काभ्रे
पलांचोक. ईलाका पहरे बन. र चाषोला वनहरुमा ^ (मसिपा
तरी पुर्व. कोतयां गाउँ दषीन. धनदेषोला उत्तर चाषोला दोकसे
दोबात् पछीं यति ४ कीलाभीत्र) कटानी गर्ने. मनसाय लि दर
कास्त. दीन. आयेको छु सो वन वनगोश्वारातर्फबाट चीताईदार
राषी. बंदोबस्त. गरेका
हुनाले सो वनमा वनगोश्वारैबाट षटाई टाचा लगाई. लगायेको
मीती मीतीको भ
रपाई. लिने दीने गरी. कटानी ढुवानीसमेत. ठेकेदारैबाट. गर्न
पाउने गरी पेस्की. मोहर
३०००। तीन हजार रूपैञा पेस्की पाये. चट्पट्. कटानी. गर्ने.
बंदोबस्त गरी बाहाली बकसि
गरी पाउँ. सो फाट् तपसिलमा लेषीया बमोजींको. काठ्हरु बाहनी
पायाको मीतीदेषी सो
ह्र मैन्हा भंनाले यहि ९१ साल र ९२ सालभर. हुने. भयाकाले.
सोर मैन्हा म्याद मागे
को छु. लेषीयेका मिती.सम्ममा चुकति गरी तपसीलमा लेषीयेको.
काठ् बुझाउनालाई

सरकारतर्फ भादगाउँ बृकेट.मा बुझाउने बन्दोबस्त. गरी पाउँ. सो माथी. लेषीयेको
सोर मैन्हाभीत्रमा. कटानी. ढुवानी. गरी. भादगाउँ. बृकेटमा बुझाउँदा काठ् थान १०० दा
षिल भयामा येस्को लि.येका मोरु ५०। कटा गरी दिने बन्दोबस्त गरी पाउँ. काठ् द
लिं मुसी. थाम साना ठुला नीडालहरु तपसीलमा षोलस्ता लेषी. दीयामा दलिंहरुका ह
कलाई. सुतसल्ला पाउँने दलिंका र ढुषर्कसरह अग्राषका थाम नीडाललाई लाम
पाट्.का बीक्री.भन्दा. सवाई घटाई. दीने. छु बाहलि. गरी पाउँ. धेरै दीनको फुरसद नभये
कोले. घंटाघरको. म्याद समेत. गर्न नपरी झट् बाहलि गरीबकसे. भादगाउँ सहर.का
रैतान.को. संधीसरपन पुक्ने गरी. टहल गर्दा हुँ. सो व्यहोरा नठहरे अैं. सवाल बमोजीं
बुझाउला. ------------------------------------------------------------------------------

(तपसिल)

| असामी | मोटाई ईन् ची | चौडाई ईनची | लमाई फुट् | काठ् थान १ के द्र | ताफे |
|---|---|---|---|---|---|
| दलीन. मुं सल्लाको.३००० तीन हजार | ३ | ४ | ९ | - | - |
| दलीं. मुं सल्लाको.४००० चार हजार. | ३ | ४ | १०॥ | - | - |
| दलीं. मुं. सल्लाको.२००० दुई हजार. | ३ | ४ | १२ | - | - |
| मुसी मुं सल्लाको.१००० येक हजार | ३ | ४ | १५ | - | - |
| थाम.अग्राषको.४००० चार हजार | ५ | ६ | ६ | - | - |
| थाम अग्राषको.४००० चार हजार | ५ | ६ | ६ ।॥ | - | - |
| थाम अग्राषको.२००० दुई हजार. | ६ | ७ | ७॥ | - | - |
| नीडाल अग्राषको.१००० येक हजार | ७ | ९ | १३॥ | - | - |
| नीडाल ऐं को.३००० तीन हजार. | ७ | ९ | ९ | - | - |
| नीडाल ऐं को.१००० हजार येक. | ९ | ११ | २४ | - | - |



पूर्व १. नं. का.प.ई. षोपासी बस्ने. हर्षबाहादुर श्रेष्ट १
ऐं ऐं ऐं बस्ने. नारान भक्त श्रेष्ट १ समेत ज्मा ज्वां २ ले दर
कारस्त (!) पत्र लेषी भुकंप पिडीतो.धारक संस्था सींह दर
बार. अडामा चढाञ्यू ------------------------------------------------------------
सम्वत १९९१ साल. पौष. ३ गते रोज ३ सुभं -----------------------------------------

*(पछाडी)*

दा ९१।९।९।२ मा

दा ९१।९।४।४ द नं ३७०

## सामग्री ७

### ऋण असुली

भूकम्प प्रभावित भई वा तिनको नाउँमा ऋण लिएका सरकारी कर्मचारीहरू मरेको खण्डमा वा उनीहरूलाई जागिरबाट निकालिएको खण्डमा ऋण असुलीमा अन्यौल हुने भयो। जागीरमा छँदा तलबबाट ऋण सापटी बापतको रकम कट्टा गर्न सकिन्थ्यो। तर जागीर नरहेका स्थितिमा चैत्र मसान्तसम्म पनि ऋण भुक्तानी हुन नसकेमा धितो जमानी लिलाम गर्ने भन्ने नियम थियो। त्यस्तोमा तल प्रस्तुत कागतमा लिलाम नगरी भूपीसंबाटै थप निकासा माग गरेको भनिएको छ। यस पत्रमा नब्बे सालको भूकम्पपछि सरकारी ऋणको असुलीका प्रयास र उक्त रकम असुली नभएमा को जवाफदेही हुने भन्ने विषयमा पनि जानकारी पाइन्छ।

### मूलपाठ

ॐ सदर छ येक बाजी हाल जारी
हुनु भयेको नोटीस पनी तीनीहरु
लाई वा. ऊनीहरुका घरका हकै
वालालाई दीई भर्पाई लीई.आऊनु वा
छ. पछी जाहेर गर्नु मीती सदर

श्री. प्रदीप्तमांवरप्रसीधगोर्षादछ्छीणबाहु वीद्वच्छीरोमणीनायेबबडा गुरुज्यू

गुरुराज हेमराज.पंडीतज्यू.सी आई.बाट सदर गरेको -------------

यो सापटी लीने जागीदारहरु मरी षोसी षाली भयाकोले नीजहरुको षांगी बाली

बाट कट्टी गर्न नपाई बाकी रहनेहरुको चैत्र मैन्हासंम -------- नतीरे धीतो लीलां बी

क्री गरी उपर गर्नु भंने संम लेषीयेको ली(लां) ]...[ जारी गर्ने भनी नले

षीयेकोले नीकासा. पाउँ भनी जाहेर गरे(को) ]...[ यस्लाई बीचार

गर्दा जागीरदारहरुको रुपैञा असुल गर्नेबारे ]...[ बमोजीं असुल उपर गर्नु भंने लेषीयेकै हुदा अै सवालले जे गर्नु ]...[ मा आजसंम

सुस्ती गरी नीकासाको ष्याल नराखी नीकासा पाउँ भनी जाहेर गरेको देषीयेको हुनाले

तुलिं (?) भयेका अै सवाल सनद बमोजीं गरी उपर गर्नु ऊपर नभयेकोमा तेस अडाका हाकीं

तहरीरले ज्वाफदेही हुनुपर्ने छ. भनी कोसालये. मा पठाई दीनु.

हाकीं. मीसु. पं. राममणी आदी -------------------१
दी. रत्ननारायेण प्रधां ------------------------------------१
ना.सु. चीनियामां. वैद्द ---------------------------------१

ईती सम्वत् १९९५ वैसाष २० गते शुभ्म् --------------------------

## सामग्री ८

### रूढ परिभाषामा भूकम्पले ल्याएको उथलपुथल

तल प्रस्तुत लिखतले तत्कालीन काठमाडौं म्युनिसिपेलिटीभित्र पुनर्निर्माणका क्रममा छिमेकी घर परिवारहरूमाझ निजी सम्पत्तिका विषयमा देखिएका विवादको एउटा नमुना दिन्छ। यसमा दुई परिवारबीच दिनहुँ देखिने र सामान्य लाग्ने घर, भित्ता, छाना, नाली वा निकासजस्ता विषयमा विवाद परेको देखिन्छ। साथै, अरू कारणले बिग्रेका घर भूकम्पका कारणले क्षति भएको भनी एउटा पक्षले विवरण भर्ने र अर्को पक्षले त्यसो भएको होइन बरु अन्य कारणले नै क्षति भएको हो भन्ने आशयको दावी विरोध गर्ने प्रचलन देखिन्छ। यहाँ घर बनाउने क्रममा मुद्दावाला छिमेकीको सहयोग पाउन पहल गरिदिन पनि भूपीसंलाई अनुरोध गरिएको छ। यो लिखतले व्यक्ति, छिमेक वा टोलमाझ हुने घरघरायसी मनमुटाव, त्यसले दिने दुःखका मसिना पाटा केलाउन सहयोग गर्छ। विपद्पछि राज्य र जनताबीच मात्र होइन, छरछिमेकीमाझ पनि यस्ता परिभाषाका समस्या देखा पर्छन्। त्यतिबेला राज्यको समन्वयकारी र निर्णायक भूमिकाको आशा गरिन्छ भन्ने बुझ्न पनि यो लिखत सहयोगी हुनसक्छ। वि.सं. २०७२ को भूकम्पपछि पनि परिवार, घर, स्वामित्व, बस्ने, एकघर, सगोलजस्ता सामान्य शब्दसमेत अस्पष्ट र द्वन्द्वग्रस्त भए (Raj and Gautam 2015; Parajuli 2016) ।

## मूलपाठ

बींतीपत्र

उप्रांन्त. माहाराज. करुणा. नीधान. दयासागर. प्रभू. काठमाडौ. फसीके (!) तोल बस्ने सु. येज्ञ बाहादुर. संग कीलास घरको बीगारी बनाउने मुद्दामा. येही गयाका ९१ साल साउण ३ गतेमा येस भुकंप पीरोदये (!) सं. काठमाडौ. १ नम्बर फाटबाट इंजीनीयेर. वभरसेरहरुले गरी ल्यायाको नकसा हेर्दा सो कीलास हीरादेवीको धेरै दलीं. घुसीयाको र. सुब्बा. येज्ञबाहादुरका कुनै. ठाउमा. नीदालहरुस्मेत रहेको देषीयेको र. सो कीलासमा पुगी. अंदाजी ४ ई जति घुसेको र. तेस्रा तलामा ४ इंच जती नीदाल. घुसीयेको ३।९ + २।६को छुट्टाछुट्टै. गारो देषीयाको छुट्टाछुट्टै बनाउने येज्ञबाहादुरको सावीक घुसेको सावीक बमोजीम घुसाउन्ये गरी. हीरादेवीले. ७ दींभित्र. बनायेन. भन्ये. लागेको षर्च. फीर्ता ली कीलास छाडी दीन्ये गरी. सुधा येग्यबाहादुरले बनाउन्ये पानी जाने ढल मींसीपेलटीका पर्चा. बमोजीम हुन्ये भनी. फैसला भयामा सुधा, येज्ञबाहादुरको धुरी नीदाल भनी. लेषीयाकालाई. सो नीदाल रहेका तला गारोमा नीज सुधाको येकापट्टी र. आर्कापट्टी. मेरा दलीं अडीयाको. साती(?) बीच गारोमाथी रहेको साजा नीदाल ४ तलामा. अडेको र. तेस्रा तला भनी लेषी(या)को होईन. पाँचौ तलामा. गारोमा. नीदाल रही. गारो देषी. बाहिर नीदाल अडीने. षाबा रहेको. मेरो धुरी. गारैभीत्र षाबा रही. अडेको सो गारो. तेती. मैले. नचपी. गारो नचापेन. भने. अरु. मेरो घरको जंमै. दलींमा. सो गारोको पानी गई नोकसां हुने हुदा गारो चपी. तेसमाथी छाना. लगाई राषेका छुं. ३।९को गारो. मेरो र. २।६को गारो नीज. सुधाको हुदा छुटाछुट्टै बनाउदा २।६को नीज सुधाले बाहेक अरु. जंमै मैले बनाउनु. पर्ने भयाको. सो बेहोरा. पस्ट नषुलेको. पानी जाने ढलका बारे मेरा उजुर. परी. अपील अडाबाट ठहरेका इनसाफ बमोजीम. हुने मींसीपेलटीबाट. अर्को पर्चा. भैसकेको र गारो. कीलास बनाउनालाई साजा गारो अडेको. पाता. साजा गारो. अडेको पाता नभत्काई. बनाउन नहुन्ये. सो भतकाई. नीज सुधाले बनायामा सावीक. बमोजीम नगरी. नभायाका झ्याल ढोका. नीकालि दीयामा. सावीक येस्तो. भंन्या. केही नकसा नभयाको र तेस्रा तलामा. ढोकाको चौकोसीलाई. दराज भनी. लेषी नकसा येक थोक. फैसला येक थोक हुन गयाको हुदा. सो साजा गारोमा. तल देषी. माथी. बुईगल. सम्म. ठाउठाउँ. ढोका सावीकको पुरानु. नीस्सा आजतक सरजमीन महजुद रहेको. सो घर येकैजनाले बनाई. पछी. छोराहरुले येक. जनाले १ जनालाई. १ जनाले १ जनालाई. बेचेको हो. तेसो हुदा. भयाको बेहोरा. दरषास्त लेषी. जाहेर गरेको छु. सो चारौ तलाको कीलास गारो मेरो ठहरेको भुकंपले भत्केको भंने. मेरो. साबीती छैन. नीज सुधाले ढल षनी. दीया.का कसुरबाट भत्केको. भंने. अघीदेषी नै. उजुर भयाको. भूकंपले भत्केको भया. हामीहरुको टोलमा. पुरानु. जीर्न भयाको देवचा मानंधरको १ घरबाहेक. अरु. कसैको पनी भत्केको छैन. अली अली चरकेमरकेकोसम्म छ नीजै येज्ञबाहादुरको पल्ला १ नाले पनी. केही केही मात्र चरकेको छ जाच.बाट जाहेर होला. तेसो हुदा मेरो घर. भुकंपले. चरकेको होइन. नीज.का कसुरले. मेरा नालिसमाले.षीयाको बेहोराले. सम्म चरकेको हो. अरु कुरामा. अघी नै. अदालतमा नालीस परेको छ. येज्ञबाहादुर साजां भंने. म मेरो यकलौटी भंने. गारो घुसाउने कुरामा नालीस परेको छैन. येस अडाबाट. घुसाई दीने. वा अदालतैबाट घुसाई. दीने केहो भंने.सम्म मेरो उजुरी हो. तेसो हुदा. लेषीया बमोजीम. सरजमीं महजुद रहेकाले. नकसा दुरुस्त गरी साजा. गारोमाथीका छाना.को र तेस छानानीरका मेरा कौसी. स्मेत.को नकसा गर्नु पुरेको. नकसा स्मेत गरी. दुरुस्त नकसा गरी. नकसा र फैसला. सरजमीं स्मेत. फरक नपर्ने गरी. पाउँ. यो बेहोरा नालीस परेका अपिलमा भंदा हामीहरुका अडाबाट नकसा गर्ने टायेम भयाको छैन. भनी. जवाफ. दीयाको हुदा. येसै अडाबाट नाप नकसा दुरुस्त गरी. पाउँ. सावीकमा भयाका. मेरा जगामा बनेका घर (भत?) नीको. करकट पाटा अडीयेका. दलीनका परषाल नीज सुद्दाले. भत्कायेको नीजैबाट सावीक ब

मोजीम बनाउन लगाई तयार गराई पाउँ. भंन्नेस्मेत इत्यादी
बेहोराको. भुकंप पी. उ. सं. काठमाडौं १ नं
फाटमा. मैले दरषास्त. गरेमा. फरक परेको सच्याइ दींछु.
झगदीयाले नकल लगी. सकेको हुदा अर्को पर्चा
षडा गरी दीनु. भंन्दा. जवाफ भयाको सो पर्चा. षडा गरी.
तपा(?) परको. म्याद पट्टा. पढी म्याद गयो भने.
मेरो उजुर नबुझने हुदा. पीर परेको बेहोरा. ^ (का.ई. फसीकेव टोल बस्ने वर्ष ४५ को हीरादेवी र. येका घरसंगका. छोरा भैरवबाहदुरलाई वारेस गरी) ^ सर्कारमा जाहेर गर्न. आयाको छु.
सो मुदा येस. भुकंप पीरोदयेउधा
रक संसथा (!) बाट झीकी. सरजमीन. नकसा. फैसला. स्मेत
दुरुस्त. गरी. पाउने हुँ. माथी लेषीया बमोजीम
फरक नपरेको थहरे. अैन बमोजीम सजाये सहुला बुझाउला---

श्री भैरव
बाहादुर जोसी
टोल फसीकेव

सहर काठमाडौ वटु फसीकेव. टोल बस्ने
भैरवबाहादुर जोसीको दीनप्रतीको
कुणेस कुणेस ------------------------------------------

इती सम्वत १९९१ साल आषाढ २८ गते रोज शुभ्म --------

## सामग्री ९

## नेपाल खाल्डोबाहिरको निर्माण सामग्री आपूर्तिको स्थिति

वि.सं. १९९० को भूकम्पबारे उपलब्ध सामग्रीले काठमाडौं सेरोफेरोको जति जानकारी दिन्छन् सोही अनुपातमा अन्य क्षेत्रको जानकारी दिँदैनन्। तत्कालीन राजनीतिक तथा प्रशासनिक सन्दर्भमा शासकवर्गको ध्यान काठमाडौं खाल्डोभित्रै बढी हुनु स्वाभाविक थियो। खाल्डोबाहिर के भइरहेको थियो र त्यसको खबर काठमाडौं कसरी पुगिरहेको थियो भन्ने तथ्य बुझ्नका लागि तल प्रस्तुत सामग्रीले सघाउँछ। राष्ट्रिय अभिलेखालयमा उपलब्ध सामग्री हेर्दा बाहिरका विभिन्न गौंडा र गोश्वाराका खबर नियमित रूपमा काठमाडौं पठाइएको देखिन्छ। खासगरी बुटवल, चिसापानी गढी, सिराहा, सप्तरी, उदयपुर र पूर्वी पहाडका रिपोर्टमा 'मालपोत'सँग सम्बन्धित सूचना नियमित रूपमा दिएको भेटिन्छ। भूकम्पका धक्का गइरहेको कुरालाई पनि विवरणमा समावेश गरिएका छ। यसबाहेक त्यस्ता नियमित प्रतिवेदनमा सम्बन्धित गोश्वारा वा अड्डाको क्षेत्रमा नुन, मट्टितेल, चामल लगायत सामग्रीको आपूर्तिको अवस्था, बजार भाउ र त्यसमा भएको घटबढको विवरण पेश गरेको देखिन्छ। यसरी विवरण दिने क्रममा साहु महाजनहरूले भाउ बढाउन खोजेको, उनीहरूलाई सम्झाएको र मूल्य नबढाउन निर्देशन दिएको, बजारमा सामानको अभाव नभएकोजस्ता जानकारी पनि दिइएको छ। कुनै कुनै प्रसङ्गमा पुराना ऐन वा कानून जे भए पनि राहत दिन आवश्यक छ भन्ने आशयको निर्देशन काठमाडौंबाट गएको पनि भेटिएको छ।

सप्तरीको हनुमाननगर र काठमाडौंबीच भएको दुई ओटा कागतपत्र तल दिइएको छ। हनुमाननगर छेउछाउ सरकारी जङ्गल थिएन। भूकम्पले घर नोक्सान भएका बासिन्दा काठ माग्न आए। १९५४ सालको सनद अनुसार मौजाबाहिर बस्ने जनतालाई बिर्ता मौजाबाट काठ दिन पाइँदैनथ्यो। तर विदेश निर्यात गर्न वा बिक्री गर्न नपाउने शर्तमा लक्ष्मीनियाँ बिर्ताका जङ्गलबाट आवश्यकता अनुसार काठ दिन यी कागतपत्रमा निर्देशन दिइएको छ। २०७२ सालको भूकम्पपछि वन मन्त्रालयले बनाएको निर्देशिकामा सरकारी र सामुदायिक वनबाट काठ आपूर्तिमा यस्तो लचकता अपनाइएको छैन। तर पनि भूकम्पपछि र नाकाबन्दीको बहानामा सामुदायिक वनमा व्यापक फँडानी गरिएको समाचार आएका छन्।

### मूलपाठ (९ क)

<u>श्रीचिफसाहेबका हजुर्मा</u>
सर्वशक्तीमान्ले. सदा चिरारोग्य राखुन् यसैले मेरो उद्धार छ जो
मर्जि-----------

सीराहा ४ प्रगन्नामा सर्कारि जंगल नहुनाले भुकम्पले घर नोक्सान
भै ल
कडि माग्न आयाका रैतीलाई घरहरसंगहा को लकडि दीनु भनि
लक्ष्मी नीञा विर्ता.
माल्लाई. लेखौट गर्दा. ५४ साल्मा मा (!) भैरहेका सनदले
विर्ता मौजा वाहेक माल मौजा
का रैतीलाई. घरहरसंगहा दिनु भन्या नलेखियाको भनि लकडि
दियन भंन्या सि
राहा माल्ले रपोट गरेको र घर बनाउन ल्कडि (!) पाउ भनि रैती
ज्मिदारले बराबर उजुर ग
र्न आयाको स्मेत् हुनाले सिराहा इलाका रैति दुनिञालाई. लकडि
नभै. साहै दुष

पायाकोले हाल भुकम्पले घर नोक्सान् भयेका रैतीलाई केहि. दस्तुर नली र पछी
लाई पनि. सर्कारि जंगल् नहुनाले. सवाल सनद मुताबिक. घरहर.सगहाको.
लकडि. विर्ता जंगलबाट. दीनु भंन्या नीकासालाई. श्री ३ महाराज का जुनाफ्मा जा
हेर गरेको छु गरिप्रवर जो मर्जि ----------------------------------------------

भुकम्पले. नोक्सां भयाको. जैनगर. बजारको. जम्मा मील् १३ मध्ये मी
ल. ७ चालु भैसक्यो. भंन्यार धान मं १ को रू १॥-॥ सन मन १ के रू ३- को भाऊ छ
भंन्या. चन्द्र गञ्ज. बजार अडाले जनाऊ दीयाकोर. आज हनुमान्नगर. बजार
मा धान मं १ के रू १॥-१॥-॥ र पटुवा मन १ के रू २॥।.।-२॥।- को भाऊ भयाको
र. फागुं २८ गते. उपरांत. भुकम्प भयाको छैन जो मर्जि.
हनुमान्नगर माल्मा आज रू ७४२०॥।-॥।३ मालपोत् असुल भयाकोले जाहेर गरेकोछु जोमर्जि --------------
ज्यादा हरफमा कमवेस भयाको. माफ पाउनाको आधारमा छु. जो मर्जि --------------------------------------------------------------

## मूलपाठ (९ ख)

श्रीकम्यान्डर इन चीफबाट

श्रीनानी मे.ज. येकराजसम्सेर जंगबाहादुर राणाके सुभ आसीक भुकम्पले घर भत्की वनाउना
लाइ लकडी नपाउने रैतीलाइ. लक्ष्मीनीजा बीर्ता जङ्गल्को लकडी दिनु भनी माललाइ लेखौट गर्दा.
माल मौजाको रैतीलाई दीनु भंने ५४ सालका सनदमा. नलेषीयाको भनी. नदीयेको सीराहा ४ प्रंगना
मा सरकारीया (!) जंगल नभयेको भंने स्मेत ससरी गोस्वाराका वडाहाकींले जाहेर गरेको वेहोरा श्री ३ महाराज
वुवाज्यूका हजुर्मा जाहेर हुदा रैती दुनीयाको घर बनाउनालाइ हरघरसंगट बमोजीं पाउने अैन सवाल्ले
दीनहुने लकडी जो जसलाई जत्ती चाहीन्छ. चाहीने जत्ती सरकारी जंगलबाट दीनु भनी. अदा अदालाइ
नीकासा भैगयेको हुनाले. लेषीयाका जील्लामा बीर्ता लक्ष्मीनीजा ^जंगल^ मात्र. भयेको भंने जाहेर भयेको हुना
ले. बीर्ता जंगल भये पनी. दैवी आपतको वषतमा. घर बनाउन पर्ने भयाको हुनाले. स्व जंगलको लकडी
बाट. दुनीयालाई घर बनाउन. चाहीने जत्ती अन्त बीदेस मुगलानास्मेत लान बीक्री गर्न नपाउने गरि. जो

जसलाई चाहीने हो. चाहीने जत्तीको लगत ली स्वबमोजीं घरहरसंगटका लकडी दीनु भनी. लेषी पठाउ
नु भंने हुकूं बक्से बमोजीं वडाहाकींलाई आजैका मीती लेषी गयेको हुदा नानीलाई स्मेत लेषी ब
क्सेको छ. हुकूंबक्सेको माथी लेषीया बमोजीं गरी. बीर्ता माल्का नाउमा जोचाहीने आडर पुर्जी गरी
पठाउन्यै छौ. इती सम्वत १९९१ साल ज्येष्ट २ गते रोज ३। --------------------------------

## सामग्री १०

## भूकम्पपछि काठमाडौं बाहिरको वस्तुस्थिति र विरोधका स्वर

काठमाडौं बाहिरबाट आएका सामग्री हेर्दै गर्दा विपद्पछि पुराना सम्बन्ध, व्यवस्था वा मान्यतामा कुनै परिवर्तनका सङ्केत देखा पर्छन् कि भन्ने प्रश्न मनमा उब्जिन्छ। शासक, प्रशासनतन्त्र र जनतामाझ देखापरेका विवादले तिनको शक्ति र अपेक्षाको सन्तुलनमा आएको परिवर्तनलाई इंगित गर्छ। त्यस्तो विवाद विमर्श यी सामग्रीमा झल्किए नेपाली राज्य र समाजको बनौटमा भूकम्पले कसरी फेरबदल ल्यायो भन्ने उत्तर हामीसँग हुने थियो। तल प्रस्तुत सामग्रीले केही हदसम्म यो प्रश्नलाई छोएको छ। यो सामग्रीले विपद्पछि सम्भारको क्रममा पुराना सम्बन्धमा रूपान्तरण खोज्ने र पुरानो सम्बन्धलाई यथावत् राख्न खोज्ने दुई पक्षबीच रहेको असमझदारी प्रष्टसँग देखाएको छ। यसका अतिरिक्त, राज्य प्रशासनले विपद्का समयमा राहत वितरण, उद्धार कार्यक्रम वा पुनर्निर्माणमा मात्र ध्यान दिँदैन। बरु विपद्का कारण राज्यले शासकीय जिम्मेवारी पूरा गर्दा थप चुनौतीको सामना गर्न ध्यान केन्द्रित गर्छ। यो कुरा बुझ्न हनुमाननगर क्षेत्रबाट टिपाइएको रिपोर्ट महत्त्वपूर्ण दस्तावेज हो। उदाहरणका लागि, नब्बे सालको भूकम्पले त्यहाँको जेल भत्किएको थियो। जेलमा परेका कैदीहरूको व्यवस्थापन, शान्ति सुरक्षाका लागि आवश्यक थप मानिसहरूको भर्ना,

बन्दुक वा गोलीजस्ता साधनमा देखिएको टड्कारो अभावको पूर्तिजस्ता कुरामा ध्यान दिनु राज्यको नियमित दायित्वभित्र पर्न आयो। राहत वा उद्धारका कार्यक्रममा मात्र ध्यान दिँदा राज्यले विद्रोह सम्मको सामना गर्नुपर्ने सम्भावनाप्रति तत्कालीन शासक सचेत देखिन्छ। त्यसैले मालपोत नबुझाउने भनी आपसमा सल्लाह गर्ने विभिन्न मौजाका व्यक्तिहरूको लगत राखिएको छ। उनीहरूको विषयमा काठमाडौंमा सूचना पठाइएको छ। काठमाडौंले पनि उनीहरूमाथि निगरानी राख्ने र समय आएपछि पक्राउ गर्न आदेश दिएको छ। यस्तो परिस्थितिमा रिपोर्टमा उल्लेख भएजस्तो बन्दुक वा कार्तुसको खोजी जेल भत्किएपछि बन्दीहरूलाई सुरक्षित राख्न र उनीहरूलाई भाग्न नदिन मात्र नहुन सक्छ। यसका अतिरिक्त प्रत्येक रिपोर्टमा मिति अनुसार कति मालपोत उठ्यो भन्ने कुराको उल्लेख गरिएको छ। स्थानीय प्रशासन तथा काठमाडौं दुवैलाई ‘मालपोत’ निकै महत्त्वपूर्ण विषय थियो भन्ने बुझ्न गाह्रो पर्दैन। राज्य वा प्रशासनका यस्ता अनेकौं हस्तक्षेप वा नियन्त्रणका अतिरिक्त आवश्यका परे ऐन वा नियममा परिवर्तन गर्ने र जनतालाई राहत दिने कामलाई पनि आफ्नो जिम्मेवारी ठानेका उदाहरण यस्तै अरू कागतमा देख्न सकिन्छ।

## मूलपाठ

<u>श्री ३ महाराज काजुनाफ जुनाफमा</u>

उप्रान्त महाराज करुणा निधान् दयासागर धर्म्मऔतार सर्कारका प्रतापि पुज्यें गाथ
मा सदा कुशल मङ्गलोदय विराजिबक्स्ये तावेदारको उद्धार होला महाराज
जो हुकुम् ------------------------------------------------------------------------------
महाराज सिहामालर अमिनि जेल स्मेत भुकपले (!) भत्केको हुनाले
तहविल् जेहल्को कैदि. श्रेस्ता मिसिल् कागज स्मेतको हिफाजत नीमीत्त पा
लो पहरामा बन्दुक राषने. चल्ने नभयेकोले बन्दुक र टोटा पाऊ भनि सि
हामाल अमिनि ले रपोट. गरेको हुनाले यस गोस्वारा मारहेको २ नाले टोटा वा
ल १ र वन्जाच काले. मणीराज गुरूंको घर तायेदाति हुदा निस्केको ह
नुमान्नगर अमिनिमा रहेको वेपास्को २ नाले टोटा वाल बन्दुक १ हनुमा
न्नगर. अमीनिबाट लि. ताबेदार.संग मौज्दात भयाको टोटा ५० मध्ये माल
अमिनिलाई १२-१२ गोटा कादर्ले टोटार. १।१ नाल बंदुक स्मेत माघ २१ गते
मा पठाई दीयाकोले भयाको बेहोरा जाहेर. गरेकोछु. महाराज जो हुकुम् --------

महाराज यस गोस्वारामा ४० हनुमान्नगर. माल्मा ३८ हनुमान्न
गर अमिनि मा १० सिहा माल्मा १० नाल बन्दुक मौज्दात् रहेछ तर सोबंदु
क अघि देखि मौज्दात् राषे रहेको बेचल्ती ले गर्दा बन्दुकर कार्तोस स्मे
तमा. सर्दि बस लागि खिया स्मेत परेकोले केहि भै. परि आयामा सो ब
न्दुक र कारतोस ले काम नदिने र. गोस्वारा माल अमिनिमा भर्ना भैर
हेका सिपाहि हरूमा पनि धेरै जसो सिपाहि बन्दुक चलाउन. नजान्ने देखि
येकोले केहि भैपरि आयाको. मौकामा बन्दुक र सिपाहि कुनै काम्मा आ
उने भयेकोले जाहेर. गरेको छु. महाराज जो हुकुम् --------------

महाराज भुकम्प भयापछि नुन मटितेल को मोल बडाई बीक्री गरे
को हुनाले. महाजन् हरू लाई समझाई बुझाई २बै बजार अडालाई स्मेत उर्दि
पुर्जि. गरि साविकै भाऊमा बिक्री [---] को छ. चन्द्रगञ्ज. बजार अडाले नुन
मटितेल. को लगत गरि नपठाया को हुनाले. आजै पनि. ताकेता लेखि पठा
जें कोसि धाम्मा. बिक्रि गर्न नुन मटितेल लानुपर्ने भयाको हुदा आहा
रहेको. धाम्मा. लैजाने पुर्जि पाया हामि हरूले नुनमाफि ज्वान् ५० बोरा र
मटितेल माफि ज्वान् २० टें सम्म हनुमान्नगर. बजारमा. हररोज. महजुद. राषि
सो भंदा. वढिबाट कोसि धाम्मा लै जान्छु. नुन मटितेल बिक्रि गर्दा. साविक चले

का दरभाऊले बीक्री गरौंला भनि. हनुमान्नगर बजारका महाजन्हरूले का

गज लेखि. दीयाको हुनाले सो बमोजिं धाम्मा र. ञांहाको बजारमा स्मेत

हर्जा नहुने गरि धाम्मा. नुन मटि तेल लान दीनु भनि हनुमान्नगर बजार

अडालाई. आजै लेखि पठाई. भयेको बेहोरा जाहेर गरेको छु. महाराज जो हुकुम्

महाराज जील्ला सप्तरि प्र महि सौथ मौजे हरि नगराको लक्ष्मि प्रसाद राज

भडारी जी हालै सप्तरि प्र. महि सौथ मौजे सोभापुर को ठा. नीत्यराज पाध्या र नीजै

लक्ष्मि प्रसाद को भाई. तीलक प्रसाद स्मेतभै. हीजो अस्ति सिराहा ईलाका को प्र.

महिसौथ. मौजे गौरिपुर बीर्ता १ प्र. महि सौथ मौजे हरीनगरा बिर्ता १ प्र. पीहा

मौजे. बिष्नुपुरा बिर्ता १ प्र. रामपुर मौजे मीथिलेश्वर बीर्ता १ प्र. पीहार मौजे ब्रह्म

पुरी बिर्ता १ प्र. महिसौथ मौजे लक्ष्मिपुर बिर्ता १ प्र महिसौथ मौजे सोभापुर बि

र्ता १ प्र. पिहार मौजे गडुराहा कुमारपुर बिर्ता १ प्र. पिहार मौजे वडहरी १

प्र. धंछवार मौजे कुडवा बिर्ता १ स्मेत मौजा कारैति हरू लाई. जम्मा गरी.

हिजो अस्ति. अब बिर्ता वारले अघि अघि लिने गरेको मालपोत मा अब

नदिनु बिर्तावार ज्मीदारले अघि लिने गरेको भन्दा घटाई मालसरह मा

ल्मा दरषास्त साथ दाखेल गर्ने अघि दीये बमोजिं नदिने हुल गरे भने

सबै रैति. यकमत भै मालपोत नदिने कसैलाई केहि परि आयो भने य

कमत भै. छोडाई ल्याउने भन्ने यस्तो सभागरि. रैति हरू लाई उठाई बेहि

साबगरे कोले जाहेर गरे कोछु. नीजहरूले तेस्तो नचाहिने उपद्रो बदमा

सि. गरेका छन्. <u>श्री ५ को सर्कार</u> का रैतिले पनि. सर्कारी. मालपोतमा हमला

गर्लान् भन्ने लागेकोले जाहेर गरेको छु. भन्ने प्राई भेट जाहेरी आया कोर

आजै. नीज. लक्ष्मि प्रसाद ले सप्तरि. सिह्रा इलाका मौजे गडुराहा कुमारपुर १

मौजे बरमपुर १ मौजे गौरिपुर १ मौजे हरिनगरा १ मौजे लक्ष्मिपुर १ मौजे

सोभापुर १ मौजे बिसनपुर १ मौजे मथलेश्वर १ स्मेतका बिर्ता मौजाका रै

तीहरू लाई बिर्तावार ले सर्कार को मालमौजाभन्दा धेरै बढि दर बंदि लगाई

मालपोत. लिनेगरेको छतापनि ८६ साल सम्म अनाज चौपाया महगी भाऊ

मा बिक्री. हुने भयेकोले तीरि आयेकै थिञ्यू ८७ सालदेषि. सबै रकं चौपाया

जग्गा ज्मिन्. कममोल् मा बीक्री. हुने भै आये कोले. उपजाबाट बिर्ताका दरबंदी

बमोजिम्. को मालपोत तीरि नीर्वाह नचल्ने. भयो अब हामी बिर्ताका सबै

रैति मीले. सर्कारमा. दुष पुकारा गर्नु पऱ्यो मालसरह. [---]ले मालपोत

लीन मंजुर नगरे सर्कारमा ~~जाहेर~~ चढायाको बिन्तिपत्रको निकासा नआया

सम्म हामि बिर्ताका रैतिले बिर्ता मालमा मालपोत पठाउने नगर्नु रैतीले

बुझाउने म्याद सम्ममा पनि नीकासा भै नआया मालमा लगि बुझाउने गराउला

नीकासा भै आया मात्र हुकुम् शिरोपर गरि. नीकासा भै आया बमोजिं गरौंला

भनि आफ्नु आफ्नु भयाको बेहोरा वारेसद्वारा सर्कारमा जाहेर गरिसकेको

र. ८।१० गार्डको. रैतिको. यकमत गरि. सो बिर्ता मौजामा भयेका तावेदार लाई

बोलाई. तिमि पनि बिर्ता को जगा जोतने रैती हुन् सबै श्रह तीमीले पनि माल

पोत बुझाउन थामनु पर्छ भनि. सबैजना यक मुख भै भनेको हुनाले मदेसिया रै

तीको बिचमा. बष्नुपर्ने यकला तावेदारले धेरै रैतीहरूको बीरोध हुने कुरा

काम गरूं भने हरयेक कुराको डर बाधा मान्नु पर्ने सम्झी मंजुर नगरी नहुने
हुन आयाकोले हुन्छ भनि. मंजुर गरी. भयाको बेहोरा. सर्कारमा स्मेत्. जाहेर
गरि. मालपोत रोकियाको कुरा हुनाले. जिल्लामा भयाको हाल स्मेत हुनाले
भयाको बेहोरा जाहेर गरेको छु भनि हुलाकद्वारा बेलिफाको बिन्तिपत्र पठाया
को हुदा यस्माकुं मीतिमा. को को भै के के कुराको सभा गरेको रहेछ. तीमि आ
फै गै प्राइभेट. बुझ्दा सभा गर्नेहरू लाई. पक्री. पठाउन पर्ने ठहरे सोहि बमोजिं
गरि पठाउनु. भनि सिह्ना अमिनि. काले. कृष्ण प्रसाद पाध्याका नाऊमा पुर्जि
स्मेत. गरि पठायाकोले. भयाको बेहोरा. जाहेर गरेको छु महाराज जो हुकुम्

महाराज भपटियाहिको रेलवे ट्रें अद्येपि. नखुले कोले साविक बमोजिं
धान र सन्को नीकासि चल्ती छैन. मटितेल. रानिमार टेन १ के रू ३॥-३॥- चक्र
र सुर्य्येमार टेन के ४।- नुन सावरि मन १ के ३॥. पांगां मन १ के ३॥- सीधे
मन १ के ४॥. धान बोरा १ के रू २।२- २।३ सम्मर सन मन १ के रू २॥० का
दर्ले हाल षरीद बीक्री चलेको छ भनि. हनुमान्ननगर बजारअडाले आजै जबाब
दियाको छ. भपटियाहि मा रेल्वे ट्रें यो तारेख देखि चल्छ भंन्या. नीश्चय.
षवर अैल्हे. आयाको छैन महाराज जो हुकुम्--------------------------

कोसि नदिमा अघि मानिस. डुबाऊ पानि. भयेका ठाऊमा भुकम्पले
जमिन उठी. अैल्हे बीत्ता भर पानिछ यो भुकम्पले गर्दा कोसि नदि.को पाट
पनि बीचित्र भै रहेको छ. यस किसिं संग नदि. उठेको. देखेको थीयेनं भनी
छपकि को बिर्तावार बिष्णु प्रसाद पाध्या.ले हिजो कुरा गरेकोले भयेको हाल
जाहेर गरे कोछु. महाराज जो हुकुम् -----------------------------------------

महाराज भुकम्प साम्य भयाको छैन हीजो रात्को करिब ७ बजे पनि.
बिसेस आवाज स्हीत्को. करिब १ मीनेट सम्म भै चालो गो आज अैल्हे [ ][ ]
जे. पनि. गयो महाराज. जो हुकुम् -----------------------------------------

माहाराज मालपोत. बराबर. असुल. हुदैछ आज हनुमान्नगर मा
मालपोत कं रू. ३१९८ आयाकोले. भयाको बेहोरा जाहेर गरे कोछु. महाराज जो हुकुम्
ज्यादा हरफ्को कमबेस. माफ बक्स भै. गाथको आरामि स्हीत्को
बडापत्र दर्सन् पाउनाको आधार माछु महाराज जो हुकम्-------

## सन्दर्भ सूची

अमात्य, साफल्य, सं.। २०४५। *राष्ट्रिय इतिहास निर्देशन समिति (नेपाल)। स्रोत पुस्तिका माला सं. १।* काठमाडौंः पुरातत्त्व विभाग।
कार्की, गौरीबहादुर। २०७२। कस्तो बन्ला लाल बैठक भवन? *कान्तिपुर* (कोसेली), २९ फागुन, पृ. घ-ङ।
पन्त, महेशराज। २०७२ क। नेपालको भूकम्पको नालीवेली। *राजधानी,* १५ वैशाख, पृ. ४।
पन्त, महेशराज। २०७२ ख। वि.सं. १८६५ को महाभूकम्प। *राजधानी,* २४ वैशाख, पृ. ६।
पन्त, महेशराज। २०७२ ग। वि.सं. १९९० को महाभूकम्प र तत्कालिक मसीजीवी? *राजधानी,* १ साउन, पृ. ७।
ब्रह्मशमशेर। २०७२। *नेपालको महाभूकम्प*। चौथो संस्करण। काठमाडौंः नेपा~लय।
मानन्धर, सुनिता। २०६८। *अजाअजिं कनातःगु बाखँ*। यैंः युवा बौद्ध समूह।
राज, योगेश। २०६९। *क्रमभङ्ग र सम्भारः नेपाली इतिहास लेखनमा हस्तक्षेपका नयाँ सन्दर्भ-बिन्दु*। काठमाडौंः मार्टिन चौतारी।
राणा, ब्रह्म शमशेर जंग बहादुर। १९९१ क। *नेपालको महाभूकम्प (१९९० साल)*। पहिलो संस्करण। काठमाडौंः लेखक स्वयं।
राणा, ब्रह्म शमशेर जंग बहादुर। १९९१ ख। *नेपालको महाभूकम्प (१९९० साल)*। दोस्रो संस्करण। काठमाडौंः लेखक स्वयं।
राणा, ब्रह्म शमशेर जंग बहादुर। २०४१। *नेपालको महाभूकम्प (१९९० साल)*। तेस्रो संस्करण। काठमाडौंः सहयोगी प्रेस।

Marahatta, Punya Sagar. 2012. Community-Based Approach to Reduce Earthquake Vulnerability in Kathmandu Valley. *Indonesian Journal of Geography* 44(2): 161–172.

Marcussen, Eleonor. 2011. Competing Knowledge: Explanations to the Cause of the Bihar Earthquake 1934. Paper presented at the conference on the Transculturality of Historical Disasters: Governance and the Materialisation of Glocalisation, 3–5 March, New Delhi.

Mishra, Shamik and Deepak Aryal. 2015. 1934 Earthquake Revisited: A View from the Archives. Paper presented at the Annual Kathmandu Conference on Nepal and the Himalaya, 22–24 July, Kathmandu.

Nasu, Nobuji. 1935. The Great Indian Earthquake of January 15, 1934. *The Bulletin of the Earthquake Research Institute* 13(2): 417–432.

Pandey, M.R. and Peter Molnar. 1988. The Distribution of Intensity of the Bihar-Nepal Earthquake of 15 January 1934 and Bounds on the Extent of the Rupture Zone. *Journal of Nepal Geological Society* 5(1): 22–44.

Pant, Mahesraj. 2000. A Historical Seismicity in Nepal. *Adarsa: A Supplement to Purnima* 2: 29–60.

Parajuli, Hari Ram. 2015. Estimation of Seismic Intensity at Lalitpur, Nepal. Available at www.nest.org.np/usmca2015/session/6_SN1-6_fullPaper_HariParajuliSession.pdf; accessed 15 December 2015.

Parajuli, Lokranjan. 2016. Flawed Category. *The Kathmandu Post*, 26 May, p. 6.

Prasad, J. 1935. The Psychology of Rumour: A Study Relating to the Great Indian Earthquake of 1934. *British Journal of Psychology* 26(1): 1–15.

Raj, Yogesh. 2010. *History as Mindscapes: A Memory of the Peasants' Movement of Nepal*. Kathmandu: Martin Chautari.

Raj, Yogesh, ed. 2013. *Ruptures and Repairs in South Asia: Historical Perspectives*. Kathmandu: Martin Chautari.

Raj, Yogesh and Bhaskar Gautam. 2015. *Courage in Chaos: Early Rescue and Relief after the April Earthquake*. Kathmandu: Martin Chautari.

Rana, Brahma Shamsher Jung Bahadur. 2013. *The Great Earthquake in Nepal (1934 A.D.)*. Translated by Kesar Lall. Kathmandu: Ratna Pustak Bhandar.

Sapkota, Soma Nath, Laurent Bollinger and Frederic Perrier. 2016. Fatality Rates of the Mw~8.2, 1934, Bihar-Nepal Earthquake and Comparison with the April 2015 Gorkha Earthquake. *Earth, Planets and Space* 68: 40, DOI: 10.1186/s40623-016-0416-2. Available at http://earth-planets-space.springeropen.com/articles/10.1186/s40623-016-0416-2; accessed 15 March 2016.